**जिल्ला अनुगमन तथा समन्वय समिति, धादिङ्को मिति २०७५ पुस २४ गते बसेको बैठकको निर्णयहरू**

**निर्णय नं. १:**

धादिङ जिल्ला भित्रका स्थानीय तहहरुबाट नदीजन्य निर्माण सामग्री ढुंगा, गिट्टी, वालुवा खानीजन्य वस्तुहरूको कर दस्तुर संकलनको लागि ठेक्का बन्दोबस्त भएका विवरणहरू(ठेकेदारको नाम, स्वीकृत ठेक्का रकम, स्वीकृत परिमाण, उत्खनन तथा संकलन स्थल, घाटगद्दीस्थल) माग गरी सवै स्थानीय तहहरूको एकीकृत विवरण जिल्ला समन्वय समितिबाट तयार गरी आगामी बैठकमा पेश गर्ने ।

**निर्णय नं. २:**

गत विगतका आ.व. हरूमा जिल्ला समन्वय समितिले जिल्ला परिषद्को निर्णय र प्राकृतिक स्रोतको जिल्ला अनुगमन समितिको निर्णय वमोजिम अवैध रूपमा हुने निर्माण सामग्रीहरू(ढुंगा,गिट्टी, बालुवा) को ओसारपसार कार्यलाई प्रहरी इकाई मार्फत नियन्त्रणमा लिई दण्ड जरिवाना गर्ने गरिएको र सो कार्यमा खटिने सुरक्षाकर्मीहरुलाई प्रोत्साहन स्वरूप उक्त दण्ड जरिवानाको (साविक २० प्रतिशत र हाल ३० प्रतिशतसम्म)रकम उपलब्ध गराउने व्यवस्था रहेको र यस्तो व्यवस्थाले अवैध रूपमा हुने निर्माण सामग्रीको उत्खनन, संकलन र ओसारपसार नियन्त्रण गर्ने कार्यमा उल्लेखनीय सफलता मिलेको हुँदा यस्तो व्यवस्थालाई आगामी दिनमा समेत यथावत कायम राख्न आवश्यक देखिएको ।

प्रदेश सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५।०७।३० मा स्वीकृत भएको नदीजन्य पदार्थ(संकलन र उपयोग)कार्यविधि, २०७५ मा उल्लेख गरिएका मापदण्ड र व्यवस्थाले निर्माण सामग्रीहरूको उत्खनन, संकलन र उपयोग विधिलाई व्यवस्थित र सरल वनाई निर्माण कार्यलाई सहज वनाउने र अनुगमन तथा मुल्याँकन सम्बन्धी कार्यलाई अझ प्रभावकारी वनाउन कार्यविधिमा उल्लेख भएका अनुगमन र मूल्याँकन अतिरिक्त अवैध रुपमा हुने उत्खनन, संकलन र ओसारपसारलाई नियन्त्रण गर्न सुरक्षाकर्मीहरू परिचालन गर्नुपर्ने र यसरी सुरक्षाकर्मी परिचालन गर्दा प्रोत्साहन स्वरुप साविक बमोजिम नै तोकिएको दण्ड जरिवाना वापतको रकमको निश्चित प्रतिशत (साविक २० देखी ३० प्रतिशत उपलब्ध गराउने गरिएको) को दर निर्धारण गरी पुरस्कार स्वरूप उपलव्ध गराउने व्यवस्थाको लागि कार्यविधिमा संशोधन गरी राख्ने व्यवस्था हुन वा अव वन्ने कानूनमा उल्लेखित व्यवस्थाको समावेश हुन प्रदेश सरकार, उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३ मा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

जिल्ला भित्र हुने प्राकृतिक स्रोत(ढुंगा, गिट्टी, बालुवा) को उत्खनन, संकलन र ओसारपसारको कार्य प्रचलित कानून र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, तोकिएको मापदण्ड बमोजिम भए नभएको नियमित अनुगमन गरी प्रतिवेदन गर्न र जिल्ला अनुगमन तथा समन्वय समितिको कार्यलाई थप प्रभावकारी बनाउन तपसिल बमोजिमको कार्यदल गठन गर्ने ।

Scanned by CamScanner

तपसिलः

संयोजकः सहायक प्रमुख जिल्ला अधिकारी, जि.प्र.का., धादिङ

सदस्यः जिल्ला समन्वय समितिका सदस्य श्री उर्मिला रेग्मी

सदस्यः यस कार्यसँग सम्बन्धित कार्यालयको ईन्जिनियर

सदस्यः अधिकृत प्रतिनिधी, जि.प्र.का. धादिङ

सदस्यः अधिकृत प्रतिनिधी, सशस्त्र प्रहरी वल नेपाल, धादिङ

सदस्य सचिव अधिकृत प्रतिनिधि, जि.स.स.को कार्यालय, धादिङ

आवश्यक्ताअनुसार कार्यदलमा कार्यालयसँग अन्य कार्यालयका प्रतिनिधि र विशेषगलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

**निर्णय नं. ४:**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।६।२८ को निर्णयानुसार स्वीकृत नदिजन्य तथा ढुंगा, गिट्टी र बालुवा खानीजन्य पदार्थको उत्खनन, संकलन र विक्री सम्वन्धी प्रक्रियाको अनुगमन गर्न अनुगमन तथा समन्वय समितिको कार्यादेशको वुदाँ नं. ७ बमोजिम 'नदी तथा खानीजन्य निर्माण सामग्रीको उत्खनन, संकलन र व्यवस्थापनको अनुगमन सम्बन्धी कार्यविधी-२०७५' १५ (पन्ध्र) दिन भित्र तयार गरी जिल्ला अनुगमन तथा समन्वय समितिको आगामी बैठकमा पेश गर्न निर्णय नं. ३ बमोजिम गठन भएको कार्यदललाई निर्देशन दिने निर्णय गरियो । कार्यविधि तयार नहुञ्जेल सम्मका लागि संघीय सरकार, प्रदेश सरकार, उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३ र जिल्ला अनुगमन तथा समन्वय समितिको नदी तथा खानीजन्य निर्माण सामग्रीको उत्खनन, संकलन र व्यवस्थापनको अनुगमन सम्बन्धी भएका बैठकका निर्णयहरूको आधारमा अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:**

स्वीकृती वा ईजाजत नलिई अवैध रूपमा ढुंगा, गिट्टी, बालुवा उत्खनन, ओसारपसार कार्यमा प्रयोग भएका मेसिन औजार र सवारी साधनहरूलाई नियन्त्रणमा लिई जिल्ला दररेट बमोजिम माल वरावरको जरिवाना अतिरिक्त तल उल्लेखित देहाय बमोजिम जरिवाना गर्ने प्रयोजनका लागि सम्बन्धित प्रहरी/सशस्त्र प्रहरी ईकाइबाट जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था मिलाउने र यसरी आएका मेसिन औजार र सवारी साधनबाट असूल भए वापतको १०% रकम अनुगमन कार्यमा खटिएको सम्बन्धित प्रहरी/सशस्त्र प्रहरी ईकाइलाई उपलब्ध गराउने व्यवस्था जिल्ला समन्वय समितिले मिलाउने र बाँकी रहेको रकमबाट जिल्ला समन्वय समितिको कोषमा जम्मा गर्ने । प्रचलित कानून बमोजिम हुने कारवाहीलाई यसले असर गर्ने छैन ।

| क्र.सं. | साधन | पहिलो पटक | दोस्रो पटक | तेस्रो पटक | कैफियत |
|---|---|---|---|---|---|
| १. | ट्याक्टर | ५ हजार | १० हजार | २० हजार | |
| २. | मिनी ट्रिपर/ट्रक | ८ हजार | १५ हजार | ३० हजार | |
| २. | ट्रक/ट्रिपर | २० हजार | ४० हजार | ८० हजार | |
| ३. | जेसिवी/स्काईभेटर/डोजर | ४० हजार | ८० हजार | १६० हजार | |

Scanned by CamScanner